समीक्षा जोशी

Century®

# वार्षिक समिक्षा तथा स्थानीय तह विकास समस्या समाधान समितिको बैठक पुस्तिका

सामिवा

४

निर्णय नं. १ :-
यस गाउँ कार्यपालिकाको कार्यालयबाट गत आ.ब. २०७९।८० मा सञ्चालन भएका कार्यक्रम तथा योजनाहरुको विषयगत शाखाहरुबाट प्रस्तुत भई समिक्षा गरियो । प्रदेश सरकार तथा संघीय सरकार तर्फको तपसिलका योजनाहरु विभिन्न कारण सम्पन्न हुन नसकेको र त्यस बाहेकका अन्य योजना तथा कार्यक्रमहरुको प्रगति सन्तोषजनक रहेको पाईयो ।

तपसिल :-
१) मार्फा खोला तटबन्धन योजना ।
२) ढुम्बा जाने पुरानो पुल देखि धैति ठुलो ढुङ्गा सम्म कालीगण्डकी नदी तटबन्धन योजना ।
३) फोहरमैला व्यवस्थापनको लागि ल्याण्डफिल्ड साईट निर्माण ।

निर्णय नं. २ :-
गाउँपालिकाको गत आ.ब.मा प्रक्षेपण गरिएको आन्तरिक राजश्व संकलनको प्रगति राम्रो रहेको पाईयो । गत आ.ब. मा राजश्व संकलन तर्फ रु.८५,४५,०००।- प्रस्ताव गरिएकोमा रु.१,०३,२३,३१६।- संकलन भएको र राजश्व संकलन कार्यलाई अझै व्यवस्थित गर्नका लागि गाउँपालिका र वडा कार्यालयहरुबाट गरिने सिफारिस लगायत कृषि, पशु तथा अन्य शाखाहरुबाट प्रवाह हुने आर्थिक/जिन्सी लगायतका सेवा सुविधाहरु साथै वितरण गरिने खालका कार्यक्रमहरुलाई राजश्व संकलनको कार्य सँग समन्वय गरी कसरी व्यवस्थित गर्न सकिन्छ यस सम्बन्धमा कार्यालयले अध्ययन गरी व्यवस्थित गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ :-
राजश्व संकलनको कार्यलाई अझै प्रभावकारी बनाउन र देखिएको समस्याहरुलाई समाधान गरी राजश्व बढाउने कार्य गर्नका लागि राजश्व परामर्श समिति र ५वटै वडा अध्यक्षहरु रहेको समितिको बैठक बसी निर्णय गर्ने ।

निर्णय नं. ४ :-
घर बहालमा बस्ने सँग घरधनीले वडा कार्यालयको रोहबरमा घरबहाल सम्झौता गर्ने सम्बन्धमा वडा कार्यालयहरुले आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो ।

निर्णय नं. ५ :-
नयाँ भवन निर्माण नक्सा पास तथा पुराना घरको अभिलेखिकरण गर्ने कार्यलाई अझै प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि कार्यविधिहरुको अध्ययन गरी कार्यविधिहरुमा समस्या भएको खण्डमा के कसरी सरलिकरण गर्न सकिन्छ सम्बन्धमा आवश्यक कार्यवाही अघी बढाउने निर्णय गरियो ।

निर्णय नं. ६ :-
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश सँग भएको सम्झौता बमोजिमको विपद् व्यवस्थापनमा आवश्यक पर्ने सामाग्रीहरु खरिद तथा आपतकालिन सूचना केन्द्र स्थापनाको लागि पूर्वाधार निर्माण सम्बन्धी कार्यक्रमहरुको समिक्षा गरियो ।

निर्णय नं. ७ :-

यस गाउँपालिकाका सबै घरधुरीहरुलाई घर नम्बर प्रदान गरी व्यवस्थित गर्ने कार्य केही वडा कार्यालयले अघी बढाएको र केही वडाहरुले विस्तृत रुपमामा तथ्याङ्क संकलन गरी गर्ने भनी घर नम्बर गर्ने कार्य अघी नबढाएको हुँदा हाललाई घरमुलीको नामलाई आधार लिई घर नम्बर गर्ने कार्य अघी बढाउने र विस्तृत तथ्याङ्क क्रमश व्यवस्थित गर्दै जाने निर्णय गरियो ।

निर्णय नं. ८ :-

सबै शाखाहरुबाट चालु आ.ब.मा सञ्चालन गरिने कार्यक्रमको बार्षिक कार्ययोजना बनाएर स्वीकृतिको लागि १ हप्ता भित्र तयारी गरी प्रशासन शाखामा पेश गर्ने ।

निर्णय नं. ९ :-

प्रत्येक शाखाले बेरुजु फछ्यौंटका साथसाथै बेरुजु हुन नदिने तर्फ प्राथमिकता दिनु पर्ने निर्णय गरियो ।

२०८०।४।२९